
# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुर्भाकोट नगरपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुर्भाकोट नगरपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## गुर्भाकोट नगरपालिका

## सुर्खेत


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु-याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १०१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
गुर्भाकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ।

**कैफियत सहितको राय**

हामीले गुर्भाकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ७ करोड ५५ लाख बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९६ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु ५ करोड १३ लाख ३६ हजार र पेश्की रू ४० लाख ८३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २५ करोड १ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३२ करोड ५६ लाख ६३ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरपालिकाको, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नायब महालेखापरीक्षक

## गुर्भाकोट नगरपालिका सुर्खेत

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६१ | ७२ | ७५५०० | ० | ० | ०० | ६१ | ७२ | ७५५०० | ३८८ | ५१३३६ | १९६९२ | ० | ० | ७१०२८ | ४०८३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुर्भाकोट नगरपालिका सुर्खेत | २५०१६३ | ० | ० | २५०१६३ | ० | ७५५०० | ३२५६६३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गुर्भाकोट नगरपालिका, सुर्खेत , गुर्भाकोट नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tek Bahadur Khatri | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dev kiran Budha | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७५,५००,८०९.२८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,४६,८१,६३९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,८८,२०,७५० | **चालु खर्च** | ३८,७६,४०,२०१ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५३,२५,३५८ | **पूँजीगत खर्च** | २९,६७,६२,९७४ |
| **राजश्व बाँडफाँट** | १२,२७,४९,७०१ | **वित्तीय/अन्य व्यवस्था** | ४,८८,५४,६३९ |
| **आन्तरिक आय** | १,३३,७७,०१२ | | |
| **अन्य आय** | ६९,६२,७६१ | | |
| **कुल आय** | ६९,७२,३५,५८२ | **कुल खर्च** | ७३,३२,५७,८१४ |
| **बाँकी मौज्दात** | | ५,८६,५९,४०७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गुर्भाकोट नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गुर्भाकोट नगरपालिकाको उद्देश्य रहेको छ । यस गुर्भाकोट नगरपालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, २२८.६०वर्ग किलोमिटर क्षेत्रफल तथा ४९ हजार ३९४ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| आय | | व्यय | |
|---|---|---|---|
| **शीर्षक** | **आय** | **शीर्षक** | **खर्च** |
| **संघीय सरकार** | **५०८८२०७५०** | चालु | **३८७६४०२०१** |
| १३३११ समानिकरण अनुदान | १४२४००००० | २११११ पारिश्रमिक कर्मचारी | २३५५१४२९६ |
| १३३१२ शसर्त अनुदान चालु | ३२४८७२३५० | २११२१ पोशाक | ६२०००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४१५४८४०० | | ८९२१६८ |
| **प्रदेश सरकार** | **४५३२५३५८** | २११३३ फिल्ड भत्ता | ४९६५५२ |
| १३३११ समानिकरण अनुदान | १५६८४००० | २११३४ कर्मचारीको बैठक भत्ता | ४४३४०० |
| १३३१२ शसर्त अनुदान चालु | ४८०२५०० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २३४३५५०८ | २११३९ अन्य भत्ता | ४२८८३९२ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १४०३३५० | २११४१ पदाधिकारी बैठक भत्ता | ४२९९९०५ |
| **राजस्व बाडफाड** | **१२२७४९७०१.२५** | २११४२ पदाधिकारीअन्य सुबिधा | १०३००००० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ८२३९२६८ | २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | कोष खर्च | | |
| | | | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८३१८८५३९.८२ | २१२१४ कर्मचारी कल्याण कोष | ० | |
| | | | ११४२१ बाँडफाँड भ्ंइ प्राप्त हुने अन्तःशुल्क | ३०००७८९०.७७ | २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ६८०६६७९ | |
| | | | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३१४००२.६६ | २२१११ पानी तथा बिजुली | ५७६१२७ | |
| | | | **अन्तरिक श्रोत** | **१३३७७०१२** | २२११२ संचार महसुल | १२०४८०० | |
| | | | ११३१३ एकीकृत सम्पती कर | २२१७३३५.४ | २२२११ इन्धन (पदाधिकारी) | ५९८४५३ | |
| | | | ११३२१ घरवहाल कर | ८५७१५७ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२०७९०१ | |
| | | | ११४५१ सवारी साधन कर (साना सवारी) | ४३,२८० | २२२१३ सवारी साधन मर्मत खर्च | २०००००० | |
| | | | ११४७९ अन्य मनोरञ्जन कर | २७,०२० | २२२१४ बिमा तथा नवीकरण खर्च | ३२५७९९ | |
| | | | ११६९१ अन्य कर | ३६,३०० | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३४९७९२ | |
| | | | १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ० | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३४७८६९७ | |
| | | | १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ११९१०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ९३२१०६७ | |
| | | | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ६७,४०० | २२३१४ इन्धन - अन्य प्रयोजन | ५८८६७२ | |
| | | | १४२४२ नक्सापास दस्तुर | ३५९६१८ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८०३८९० | |
| | | | १४२४३ सिफारिश दस्तुर | २५५७७०३.६ | २२३१९ अन्य कार्यालय संचालन खर्च | ४४९११७ | |
| | | | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १३८५९८ | २२४११ सेवा र परामर्श खर्च | ३५०१६३४७ | |
| | | | १४२४९ अन्य दस्तुर | ८२,३५० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ० | |
| | | | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १६१०५० | २२५११ कर्मचारी तालिम खर्च | ४९४८२२ | |
| | | | १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ६१०१९२० | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २१२३५० | |
| | | | १४२६५ अन्य क्षेत्रको आय | ३८१४९० | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | |
| | | | १४३११ न्यायिक दण्ड जरिवाना र जफत | २१६१९० | २२५२२ कार्यक्रम खर्च | ९२१५५७७ | |
| | | | १४६११ व्यवसाय कर | १०,५०० | २२५२९ विविध कार्यक्रम खर्च | १३२८६८८४ | |
| | | | ३२१२१ नगद | ० | २२६११ अनुगमन, मूल्यांकन खर्च | १०९१७९० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | **स्थानीय जन सहभागिता** | **६९६२७६१** | २२६१२ भ्रमण खर्च | २७९९४९५ | |
| | | | सडक वोर्ड नेपाल | ५८५१३८० | २२६१९ अन्य भ्रमण खर्च | ४९३३१० | |
| | | | सि एम सि नेपाल | ४१२७५६ | २२७११ विविध खर्च | २४७९८३०९ | |
| | | | नेत्र ज्योति संघ | २८०००० | २२७२१ सभा सञ्चालन खर्च | ६९९३०० | |
| | | | कृषि क्षेत्र विकास कार्यक्रम | ४१८६२५ | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ९१९०००० | |
| | | | | | २७२१३ औषधीखरिद खर्च | २३९०६७१ | |
| | | | | | २७२१९ अन्य सामाजिक सहायता | ७१८६७२ | |
| | | | | | २८१४२ घरभाडा | १४०९५०५ | |
| | | | | | २८१४९ अन्य भाडा | २५७४६२ | |
| | | | | | २८२१९ अन्य फिर्ता | ० | |
| | | | | | **पूंजीगत** | **२९६७६२९७४** | |
| | | | | | ३११११ आवासीय भवन निर्माण/ खरिद | ७१६४७५७ | |
| | | | **३२१२२ बैंक मौज्दात** | **९४६८१६३९** | ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | १७९९५३८४ | |
| | | | प्रकोप व्यवस्थापन ४४८०१००३०७०२०००२ | ६०४४५ | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १९५७१२ | |
| | | | आन्तरिक अनुदान ४४८०१००३०१०३०००२ | ५०८३८८१३ | ३१११४ जग्गा विकास कार्य | ० | |
| | | | आन्तरिक स्रोत ४४८०१००३०१०१०००२ | ५५०७०९५ | ३११२१ सवारी साधन | ३००००० | |
| | | | आकस्मिक कोष खाता ४४८०१००३०७०१०००२ | ० | ३११२२ मेशिनरी तथा औजार | ८७७५००० | |
| | | | विभाज्य कोष ४४८०१००३०६०१०००२ | ० | ३११२३ फर्निचर तथा फिक्चर्स | ९९७५१० | |
| | | | विविध कोष ४४८०१००३०१०१०००२ | १४४९५५४ | ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ९६०१५९२ | |
| | | | सञ्चित कोष ४४८०१००३०५०१०००२ | १६४१२५४ | ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २८५८५७४८ | |
| | | | धरौटी ४४८०१००३०३००००२ | २०६०७१४ | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | |
| | | | बाँडफाँडवाट प्राप्त राजश्व ४४८०१००३०१०२०००२ | २०५८८७४४ | ३११३५ पूँजीगत परामर्श खर्च | ३३८९२६०४ | |
| | | | पूँजिगत खर्च ४४८०१००३०२०४०००२ | ८७७४१ | ३११५१ सडक तथा पूल निर्माण | ७२२७६२६२ | |
| | | | चालु खर्च ४४८०१००३०२०२०००२ | ७७०३० | ३११५३ विद्युत संरचना निर्माण | २९२५७०७ | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | अन्यकोष खाता ४४८०१००३०२०७०००२ | १२३७०२४९ | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५९२५१६ | |
| | | | | | ३११५५ सिंचाई संरचना निर्माण | २०५९३८०१ | |
| | | | | | ३११५६ खानेपानी संरचना निर्माण | ८०२४२०६ | |
| | | | | | ३११५९ अन्य सार्वजनिक निर्माण | ६७६३१६२० | |
| | | | | | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २३०७४१६ | |
| | | | | | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३५४८४९१ | |
| | | | | | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ११३५४६४८ | |
| | | | | | | **४८८५४६३९** | |
| | | | | | कार्यसंचालन कोष खर्च | ६४०१९७२ | |
| | | | | | कन्टीजेन्सी खर्च | ७४६९०७७ | |
| | | | | | धरौटी खर्च | २०८१२७१ | |
| | | | | | पञ्चपुरी न पा फिर्ता | ५०००००० | |
| | | | | | जन्ता अवास कार्यक्रम खर्च | २४००००० | |
| | | | | | निकासा फिर्ता | २४९६७१०७ | |
| | | | | | विभाज्य कोषवाट फीर्ता खर्त | ५३५२१२ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | **३२१२२ बैंक मौज्दात** | **५८६५९४०७** | |
| | | | | | प्रकोप व्यवस्थापन ४४८०१३०७०२०००२ | ६०४४५ | |
| | | | | | आन्तरिक अनुदान ४४८०१००३०१०३०००२ | ६८२९९८० | |
| | | | | | आन्तरिक स्रोत ४४८०१००३०१०१०००२ | ३६३०३७६ | |
| | | | | | आकस्मिक कोष खाता ४४८०१००३०७०१०००२ | २४३०९१६ | |
| | | | | | विभाज्य कोष ४४८०१००३०६०१०००२ | ० | |
| | | | | | विविध कोष ४४८०१००३०५०१०००२ | ११३१७० | |
| | | | | | सञ्चित कोष ४४८०१००३०४०१०००२ | ४३४८५६० | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | धरौटी ४४८०१००३०३००००००२ | ५८००७५ | |
| | | | | | बाँडफाँडवाट प्राप्त राजश्व ४४८०१००३०१०२०००२ | ३०५१९०६९ | |
| | | | | | पूँजिगत खर्च ४४८०१००३०२०३०००२ | ४९८३२६१ | |
| | | | | | चालु खर्च ४४८०१००३०२०१०००२ | ४१६३८०२ | |
| | | | | | अन्यकोष खाता ४४८०१००३०२०७०००२ | ९९९७५३ | |
| | | | **जम्मा** | **७९१९१७२२१** | **जम्मा** | **७९१९१७२२१** | |
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली :**<br>**ले प क्रममा रु ११७९० कर वापत असुल भई दाखिला भएको छ ।** | | | | |
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९,६७,४२,३५३।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९४६८१६३९।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२०६०७१४।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा धरौटी तर्फ अल्या गरेको देखिन्छ । | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बैक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको कारण हिसाब फरक पर्न गएको देखिएन ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>प्रकोप व्यवस्थापन</td><td>६०४४५</td><td>६०४४५</td><td>०</td></tr>
<tr><td>२</td><td>आन्तरिक अनुदान</td><td>६८२९९८०</td><td>६८२९९८०</td><td>०</td></tr>
<tr><td>३</td><td>आन्तरिक स्रोत</td><td>३६३०३७६</td><td>३६३०३७६</td><td>०</td></tr>
<tr><td>४</td><td>आकस्मिक कोष खाता</td><td>२४३०९१६</td><td>२४३०९१६</td><td>०</td></tr>
<tr><td>५</td><td>विभाज्य कोष</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>६</td><td>विविध कोष</td><td>११३१७०</td><td>११३१७०</td><td>०</td></tr>
<tr><td>७</td><td>सञ्चित कोष</td><td>४३४८५६०</td><td>४३४८५६०</td><td>०</td></tr>
<tr><td>८</td><td>धरौटी</td><td>५८००७५</td><td>५८००७५</td><td>०</td></tr>
<tr><td>९</td><td>बाँडफाँडवाट प्राप्त राजश्व</td><td>३०५११९०६९</td><td>३०५११९०६९</td><td>०</td></tr>
<tr><td>१०</td><td>पूँजिगत खर्च</td><td>४९८३२६१</td><td>४९८३२६१</td><td>०</td></tr>
<tr><td>११</td><td>चालु खर्च</td><td>४१६३८०२</td><td>४१६३८०२</td><td>०</td></tr>
<tr><td>१२</td><td>अन्यकोष खाता</td><td>९९९७५३</td><td>९९९७५३</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५८६६९४०७</td><td>५८६६९४०७</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• कार्यालयले जिन्सी खाताबाट जिन्सी साम्रगी दिदाँ सामानको स्पेशिफिकेशन नखुलाई दिएको हुँदा साम्रगीको हिनामिना हुन सक्ने जोखिम देखियो,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.१००००।००, मौज्दात राखेको पाईयो ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग पुर्ण रुपमा गरेको पाईएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि२०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७३ जनाको दरबन्दी रहेकोमा २९ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.२,१५,०४,७६९।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मैना वि.क ले मिति २०७८।०३।१० गते रु. ७९ करोड १९ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५६५१००००</td><td>४८०३२८१६</td><td>७.०२</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>४४८९९२७२१</td><td>४०६८५१४३३</td><td>५९.४५</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१७४९४८२०</td><td>१३४५०४६९४</td><td>१९.६५</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१५३६४०००</td><td>१३०४६१०३</td><td>१.९१</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>८६,२४७,४२०</td><td>८१९६८१२९</td><td>११.९८</td></tr>
<tr><td colspan="2">**जम्मा**</td><td>७८२०६२१६१</td><td>६८४४०३१७५</td><td>१००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ५९.४५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.९१ प्रतिशत रहेको छ ।

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.४० लाख ७५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको को विभिन्न निर्णयबाट चालु र पुजीगत बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गुर्भाकोट नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म निमित्त प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न प्राविधिक तथा प्रसाशन सहायक लगायत पदमा १२१ जना कर्मचारीहरु करारमा राखि रु.४२७८६८९२।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक तथा प्रसाशन सहायक लगायत पदमा ७९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३३३६०८२७।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखी कार्य गरेको नियमसम्मत नदेखिएको रु | ३३,३६०,८२७ |
| १६ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, २ वटा नियमावली, १० कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| १७ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४४ र यो बर्ष थप भएको १४ गरी कुल ५८ विवाद दर्ता भएकोमा ९ वटा मात्र फर्स्यौट भई ४९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | १०,००० |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | ३२५२७०७५० | ३०११८५४४२ | २४०८५३०८ | ० |
| | शसर्त पुजिगत | ४११५०००० | ३९४६९८०१ | १२८०१९९ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त पुजिगत | २३४३५५०८ | २२७८९०८४ | ६३६४२४ | ० |
| | शसर्त चालु | ७१७५००० | ४७९२५०० | ० | १०००० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | १४०३३५० | १४०३३५० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| | **जम्मा** | ३९८४३४६०८ | **३६९६४०१७७** | **२६००१९३१** | **१००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.७८२६३०१।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| २० | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.<br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>२०.१ \| कल्यान कोष \| १,००,००० | १००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>
त्रैमासिक पूँजीगत खर्चः<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>२९६७६२</td><td>२६६०४</td><td>८१७११</td><td>१८८४४७</td><td>८२७०२</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१००</td><td>८.९६</td><td>२७.५३</td><td>६३.५१</td><td>२७.८७</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२९ करोड ६७ लाख ६२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ६६ लाख ४ हजार अर्थात ८.९६ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड १७ लाख ११ हजार,अर्थात २७.५३ प्रतिशत तेश्रो चौमासिकमा रु.१८ करोड ८४ लाख ४७ हजार, अर्थात ६३.५१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड २७ लाख २ हजार अर्थात २७.८७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>
लक्ष्य प्रगति<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>३</td><td>०</td><td>२</td><td>०</td><td>१</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>६४९</td><td>०</td><td>०</td><td>०</td><td>६४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
वडा सचिवको पदपूर्ति<br>
पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>१४</td><td>१४</td><td>१२</td><td>२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
सेवाप्रवाहको स्थिति :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृतघरनक्सादर्तापास</td><td>४४वटा</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td>१४८६वटा</td></tr>
<tr><td>जन्मदर्ता</td><td>६९६ वटा</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२७८ वटा</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बसाईसरी आएको</td><td>११९ वटा</td></tr>
<tr><td>बसाईसरीगएको</td><td>१०८ वटा</td></tr>
<tr><td>विवाहदर्ता</td><td>२६० वटा</td></tr>
<tr><td>सम्बन्धविच्छेददर्ता</td><td>२५ वटा</td></tr>
<tr><td>पूर्वाधारविकाससडकनिर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रेसडकनिर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रेसडकमर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेलसडकनिर्माण</td><td>१६ कि मि</td></tr>
<tr><td>सडकनालानिर्माणतथामर्मत</td><td>१.९८ कि मि</td></tr>
<tr><td>सडक कटिङ्</td><td>२६.७ कि मि</td></tr>
<tr><td>सिचाइकुलो</td><td>४.६८ कि मि</td></tr>
<tr><td>पाइपखरिद</td><td>४० कि मि</td></tr>
<tr><td>खानेपानी</td><td>८५ वटा</td></tr>
<tr><td>फिल्डनिर्माण</td><td>७वटा</td></tr>
<tr><td>विद्धुतविस्तार</td><td>४.२५ कि मि</td></tr>
<tr><td>मठमन्दिरतथाप्रतिक्षालयनिर्माण</td><td>१४ वटा</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १६० जनालाई रु.२००० देखि रु.३०००० सम्म गरी रु.७९२६७२।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२५ लाख खर्च गरेको छ ।यस प्रकारको खर्चमा मितव्ययिता अपनाउनु पर्दछ। | |
| २७ | | | **महोत्सव तथा अन्य खर्च**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष वडा स्तरिय महोत्सवमा १ देखि १४ वडामा कुल रु.९८००००।०० उत्सव, महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता कायम हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **पेश्की बाँकी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयारगर्नु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार म्याद नाघेकोकर्मचारी तथा अन्य पेश्की रु४०८३३७५।०० रहेको छ ।म्याद नाघेको अन्य पेश्की फछ्र्यौट हुनु पर्ने रु | ४,०८३,३७५ |

| विवरण | पेश्की लिने व्यत्ती वा फर्म | यस वर्षको थप | गत वर्षको बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|---|
| **कर्मचारी** | दुर्गा बहादुर गाँहा | १००००० | ० | १००००० | १००००० |
| | लाल वहादुर थापा | ९०४९५ | ० | ९०४९५ | ९०४९५ |
| | तेजराज के.सि | १९१८८० | ० | १९१८८० | १९१८८० |
| | चित्र वहादुर ढकाल | ४२९००० | ० | ४२९००० | ४२९००० |
| | कृष्ण प्रसाद शर्मा | २१४००० | ० | २१४००० | २१४००० |
| **अन्य पेश्की** | नेपाल विध्युत प्राविधिकरण वितरण केन्द्र सुर्खेत | ४००००० | | ४००००० | ४००००० |
| | जन सयुत्त आ वि | ५९४००० | | ५९४००० | ५९४००० |
| | जनसेवा प्रा वि पिङ्डाडा | ३६०००० | | ३६०००० | ३६०००० |
| | लक्ष्मी आधारभुत विद्यालय ओखले | ३६०००० | | ३६०००० | ३६०००० |
| | श्री भेरि मा वि | ५९४००० | | ५९४००० | ५९४००० |
| | कोप्चि चौखे जोडने झोलुङ्गे पुल निर्माण | ५००००० | | ५००००० | ५००००० |
| | निक्लेनि कुर्मि सडक निर्माण | २५०००० | | २५०००० | २५०००० |
| **जम्मा** | | **४०८३३७५** | | **४०८३३७५** | **४०८३३७५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९२४००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.७२७५०९२।०० अर्थात अनुमान भन्दा २१.३० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३० | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पती कर | २५,००,०००.०० | २२१७३३५ | ८९ |
| घरवहालकर | ७,००,०००.०० | ८५७१५७ | १२२ |
| सवारीसाधन कर (साना सवारी) | २,००,०००.०० | ४३२८० | २२ |
| अन्यमनोरञ्जन कर | १,००,०००.०० | २७०२० | २७ |
| अन्यकर | ६,००,०००.०० | ३६३०० | ६ |
| शिक्षाक्षेत्रको आम्दानी | १,००,०००.०० | ११९१०० | ११९ |
| अन्यप्रशासनिक सेवा शुल्क | १,००,०००.०० | ६७४०० | ६७ |
| नक्सापासदस्तुर | ४,००,०००.०० | ३५९६१८ | ९० |
| सिफारिशदस्तुर | २४,००,०००.०० | २५५७७०४ | १०७ |
| व्यक्तिगतघटना दर्ता दस्तुर | १,००,०००.०० | १३८५९८ | १३९ |
| अन्यदस्तुर | ५,२०,०००.०० | ८२३५० | १६ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | व्यावसायरजिष्ट्रेशन दस्तुर | ४,००,०००.०० | १६१०५० | ४० | | |
| | | | | अन्यक्षेत्रको आय | ५,२०,०००.०० | ३८१४९० | ७३ | | |
| | | | | न्यायिकदण्ड, जरिवाना र जफत | १,००,०००.०० | २१६१९० | २१६ | | |
| | | | | व्यवसायकर | ५,००,०००.०० | १०५०० | २ | | |
| | | | | **जम्मा** | **९२४००००।००** | **७२७५०९२** | **७८.७०** | | |
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | | | | | |
| ३१ | | | **राजश्व अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १४ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३३ | | | **सवारी कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रु.४३२८०।०० सवारी कर वापत प्राप्त गरेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३४ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१६१०५०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.१५५३१०००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

| सि.नं | विवरण | नगर प्रमुख | नगर उप प्रमुख | वडा अध्यक्ष १४ जना | कार्यपालिका सदस्य ८जना | सभाका सदस्य ५१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४२००० | ४२००० | १०९२००० | ३३६००० | २१४२००० | ३६५४००० |
| २ | यातायात खर्च | २४०००० | १६८००० | ८४०००० | ० | ० | १२४८००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | ४३२००० | १६२००० | ६१२००० | १२७८००० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ३६००० | ३६००० | ४३२००० | १४४००० | ६१२००० | १२७८००० |
| ५ | अनसगमन खर्च | २१६००० | १६८००० | १३४४००० | ४८०००० | १५३०००० | ३७३८००० |
| ६ | अतिथि सत्कार | ६०००० | ६०००० | ८४०००० | १४४००० | ६१२००० | १७१६००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | १०८००० | ८४००० | ५०४००० | १९२००० | ६१२००० | १५००००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | २१०००० | १३५००० | ७६५००० | ११२५००० |
| **जम्मा** | | **७५३०००** | **६०९०००** | **५६९४०००** | **१५९००००** | **६८८५०००** | **१५५३१०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **पदाधिकारी अन्य सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी योजना अनुगमन भत्ता वापत पदाधिकारीहरुलाई रु.३९०००।०० बढी भुक्तानी दिएको देखिन्छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगरपालिका प्रमुखको स्वकीय सचिवका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री गोविन्द वली लाई नियुक्त गरी मासिक रु.२००००।०० का दरले रु.२४००००।०० भुक्तानी भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु | २४०,००० |
| ३८ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले उक्त खर्च अनियमित देखिएको रु.<br><br>**गोभौनं र मिति** \| **विवरण** \| **रकम**<br>५९५।२०७९।३।२२ \| भुमिहिन दलित सुकुम्वासी र अव्यवस्थीत बसोबास कार्य संचालन वापत कर्मचारी प्रोत्साहन भत्ता (२ जना कर्मचारीलाई) \| ८३२४५<br>५४६।२०७९।३।१३ \| २०७८ कार्तिक महिना देखि लागु हुने गरी मासिक तलब भत्ताको ३०% रकम ९ जना कर्मचारीहरुलाई ९महिनाको प्रोत्साहन रकम भुक्तानी \| ८३९१५०<br>**जम्मा** \| \| **९२२३९५** | ९२२,३९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>
भुक्तानीमा कर<br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.६२२४५।०० कर कट्टी गरेको छैन तथा कट्टी भएको कर दाखिला भएको प्रमाण पेश भएको छैन । तसर्थ उक्त कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने तथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>२९।०७८।९।९</td><td>महेश कुमार पुरीको प्रगति समिक्षा कार्यक्रमको पेश्की फर्स्योटमा कर छुट भएको</td><td>८३५५०</td><td>१५%</td><td>१२५३२</td></tr>
<tr><td rowspan="2">६१२।०७९।३।२५</td><td>कुल प्रसाद शर्माको सभा संचालन पेश्की फर्स्योटमा कर छुट भएको</td><td>३०९०००</td><td>१५%</td><td>४६३५०</td></tr>
<tr><td>सामान खरिद</td><td>१२४१६९</td><td>१.५%</td><td>१८६३</td></tr>
<tr><td>६११।२०७९।३।२५</td><td>गोविन्द रानाको सभा संचालन पेश्की फर्स्योटमा कर छुट भएको</td><td>१०००००</td><td>१.५%</td><td>१५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>६२२४५</td></tr>
</table>
</td><td>६२,२४५</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>
डोजर, लोडर, एक्साभेटर मर्मत :<br>
पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.३३९५०२६।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले शुन्य आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।
<table>
<tr><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत रकम</th><th>ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>डोजर</td><td>१</td><td>५०००००</td><td>५६१३०९.०९</td><td>०</td></tr>
<tr><td>लोडर</td><td>१</td><td>२०००००</td><td>५४००००</td><td>०</td></tr>
<tr><td>जिव</td><td>२</td><td>५०००००</td><td>१०८००००</td><td>०</td></tr>
<tr><td>अन्य</td><td>३४</td><td>८०००००</td><td>१२१३७१६.९१</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>४०</td><td>२००००००</td><td>३३९५०२६</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>२६१</td><td>२०८</td><td>११०</td><td>३६</td><td>३४</td><td>६४९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि ७० लाख सम्मका जम्मा ६४९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २६१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>भ्रमण खर्च :<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>विउ तथा विरुवा खरिदः<br>पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । र यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले देहाय अनुसार विउ तथा विरुवा खरिद तथा वितरणमा भुक्तानि दिएको छ । यसरी खरीद गरिएको विउ विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>सप्लायर्स</th><th>खरिद विउ विरुवा</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>८।०७८।७।१६</td><td>साना किसान कृषि सहकारी संस्था लि</td><td>आलु विउ (कार्डिनल) ३३१५ केजि</td><td>१६५७५०</td><td>दामाशाही रुपमा कृषकलाई वितरण</td></tr>
<tr><td>९।०७८।७।१७</td><td>हरियाली कृषि बजार सहकारी संस्था लि</td><td>आलु विउ (वि एल) ७७०० केजि</td><td>३८५०००</td><td>दामाशाही रुपमा कृषकलाई वितरण</td></tr>
<tr><td>१०।०७८।७।१७</td><td>घुमखहरे साना किसान कृषि सहकारी संस्था</td><td>आलु विउ (वि एल) ५४०० केजि</td><td>२७००००</td><td>दामाशाही रुपमा कृषकलाई वितरण</td></tr>
<tr><td>११।०७८।७।२५</td><td>दिपक कृषि फर्म बर्दिया</td><td>आलु विउ (कार्डिनल) ५००० केजि</td><td>२५००००</td><td>दामाशाही रुपमा कृषकलाई वितरण</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **पारिश्रमिक कर छूटः**<br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरु तथा पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ८६,१२४ |

| कर्मचारीको नाम | खुद बार्षिक आय | कर छुट | कर योग्य आय | कट्टी गरेको | छुट पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| नगर प्रमुख हस्त बहादुर पुन | ७५३००० | ४५०००० | ३०३००० | ०।०० | ५०७५० |
| नगर उप प्रमुख मैना विक | ६०९००० | ४५०००० | १५९००० | ०।०० | २१८०० |
| ई अर्जुन खत्री | ५१७८७० | ४५०००० | ६७८७० | ०।०० | ६७८७ |
| आई टी अफिसर | ५१७८७० | ४५०००० | ६७८७० | ०।०० | ६७८७ |
| **जम्मा** | | | | | **८६१२४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विल भरपाईः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु. | ३१,४७० |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३८०।०७८।१२।२१ | सुचना प्रसारण खर्च वापत हाम्रो नयाँ नेपाल दैनिकलाई विना विल भरपाई भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | २१४७० |
| ३४३।०७८।१२।०२ | आर्थिक सहायता वितरण खर्च वापत गोविन्द रानालाई भुक्तानी रु.२९५००।०० दिएकोमा रु.१९५००।०० को मात्र विलभरपाई पेश भएको बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १०००० |
| **जम्मा** | | **३१४७०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो काम सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिमको रु.४५२०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><th>सफ्टवेयरको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>राजस्व संकलन सफ्टवेर</td><td>राजस्व संकलन गर्ने</td><td>४५२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.६४९३०००।०० खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.५१०५३०, तथा १ थान चार पांङ्ग्रे सवारी साधन खरिदमा रु.५७७५०००।०० बजेटबाट खर्च गरेको छ ।यसप्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।
<table>
<tr><th>क्र.स</th><th>सवारी साधन</th><th>खरिद संख्या</th><th>मुल्य</th><th>खरिद मिति</th></tr>
<tr><td>१</td><td>मोटरसाईकल</td><td>२</td><td>५१०५३०</td><td>०७८/०७९</td></tr>
<tr><td>२</td><td>अन्य दमकल</td><td>१</td><td>५७७५०००</td><td>०७८/०७९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३</td><td>६२८५५३०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२९ करोड ६७ लाख ६२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिका । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>२८५०००</td><td>०</td><td>०</td><td>१</td><td>४२००</td><td>३</td><td>२८५०००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>ईन्धन खर्चको लगबुक नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको डोजरबाट सडक मर्मत कार्य गरेको भनी ईन्धन खर्च लेखेको तथा विभिन्न अन्य प्रयोजनमा सवारी साधन प्रयोगको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>प्रयोजन</th><th>ईन्धन</th><th>रकम</th></tr>
<tr><td>विभिन्न मितिमा</td><td>विविध</td><td>पेट्रोल तथा डिजेल</td><td>२२०७९०१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति -<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र सं</th><th rowspan="2">विद्यालय</th><th colspan="4">शिक्षकदरबन्दी</th><th colspan="5">पदपुर्ती</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>दरबन्दी</th><th>राहत</th><th>शिक्षण सिकाइ अनुदान संघ</th><th>नगर का शिक्षक अनुदान</th><th>स्थायी</th><th>करार</th><th>राहत</th><th>शिक्षण सिकाइ अनुदान</th><th>नगरशिक्षक अनुदान</th></tr>
<tr><td>१</td><td>वालविकास</td><td>५७</td><td>०</td><td>०</td><td>४</td><td>०</td><td>५७</td><td>०</td><td>४</td><td>०</td><td>१२१६</td></tr>
<tr><td>२</td><td>प्रा वि</td><td>१८२</td><td>४४</td><td>०</td><td>३</td><td>१६१</td><td>२१</td><td>४४</td><td>०</td><td>०</td><td>४९४६</td></tr>
<tr><td>३</td><td>निमा वि</td><td>३६</td><td>१३</td><td>११</td><td>०</td><td>३६</td><td>०</td><td>१३</td><td>०</td><td>०</td><td>३४४७</td></tr>
<tr><td>४</td><td>मा वि</td><td>२५</td><td>७</td><td>९</td><td>०</td><td>२५</td><td>०</td><td>७</td><td>०</td><td>०</td><td>२३१०</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>१७</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१६</td><td>०</td><td>०</td><td>०</td><td>१६३९</td></tr>
<tr><td>६</td><td>कृषि प्रविधिक</td><td>६</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>६</td><td>०</td><td>०</td><td>०</td><td>१४४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२३</td><td>६४</td><td>२०</td><td>७</td><td>२२२</td><td>१००</td><td>६४</td><td>४</td><td>०</td><td>१३७०२</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१६४६३०९६।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।यसरी नियमावलीमा भएको व्यवस्था विपरितको कार्य नियमसम्मत नदेखिएको रु
</td><td>१६,४६३,०९६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १ करोड ६२ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. | १६,२००,००० |

| सि न | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | सुर्यज्योती मावि | ४ कोठे भवन निर्माण | ३६००००० |
| २ | जनज्ञान भण्डार मावि | ४ कोठे भवन निर्माण | ३६००००० |
| ३ | जन संयुक्त आवि | २ कोठे भवन निर्माण | १८००००० |
| ४ | लक्ष्मी आवि | २ कोठे भवन निर्माण | १८००००० |
| ५ | भेरी मावि | २ कोठे भवन निर्माण | १८००००० |
| ६ | ने रा आ वि सोतरखोली | २ कोठे भवन निर्माण | १८००००० |
| ७ | सरस्वती ने रा आ वि लामिडाडा | २ कोठे भवन निर्माण | १८००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **स्यानीटरी प्याड खरिदः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुका लागि लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष ६४३५९ प्याकेड स्यानीटरी प्याड हिमालय मेडिसिन कन्सर्नबाट खरिद गरी रु १५९९९६५ खर्च लेखेको छ । तर उक्त प्याडहरु गुणस्तर परीक्षण गर्नुपर्ने भएपश्चात बजेट खर्च लेखेपनि विक्रेतालाई चेक नबुझाइ पालिकाले राखी यस वर्ष जिम्मेवारी सारेको भन्ने कार्यालयको भनाई रहेको छ । उक्त भौचरमा अग्रिम कर रु २१२३ मात्र कट्टी भएकोले पालिकाले भुक्तानी दिदाँ वास्तविक अग्रिम कर गणना गरेर विक्रेतालाई रकम भुक्तानी दिनुपर्दछ । लेखापरीक्षण अवधि सम्म पनि उक्त प्याडहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै स्टक राखेको पाइयो। पालिकाले यस आर्थिक वर्षमा नयाँ प्याडहरु खरिद नगरी सोही प्याडहरु विद्यालयको आवश्यकता अनुसार हस्तान्तरण गर्नुपर्दछ । | |
| ५७ | | | **कन्टेन्जेन्सी कट्टा गर्न नमिल्नेः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को खण्ड १(३) को (र) मा विद्यालयमा जाने भौतिक निर्माणको रकममा कार्यालयले कन्टेन्जेन्सी कट्टा गर्न नपाइने उल्लेख छ । साथै कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ९.१२ अनुसार यस निर्देशिकाको अनुसुची ९ को खण्ड "क", "ख" र "ग" मा उल्लेखित विद्यालयहरुलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यावस्थापकिय योजनाका बजेट निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम पालिकाले नमूना विद्यालय ने रा मा वि वडाखोलीलाई यस वर्ष रु ७० लाख निकाशा दिदाँ ५ प्रतिशत कन्टेन्जेन्सी रु ३५०००० कट्टा गरेर घटी निकासा दिएको छ । यसरी नियमावलिमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु | ३५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३४६५६१९।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br>
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td>४।२०७८।१०।४</td><td>गहुको विउ खरिद ६००० के जी</td><td>४२००००</td></tr>
<tr><td>२५६।२०७९।३।१७</td><td>प्याज, मूला, गाजर, काउली, बन्दा, धनिया लगायत तरकारीको विउ खरिद ३१५० प्याकेड</td><td>२१८२५०</td></tr>
<tr><td>३६१।२०७९।३।१७</td><td>प्याज, मूला, गाजर, काउली, बन्दा, धनिया लगायत तरकारीको विउ खरिद १८०० प्याकेड</td><td>९९९००</td></tr>
<tr><td>११४२।२०७९।३।२४</td><td>विरुवा खरिदः नेपियर स्मार्ट ३५०० वटा, नेपियर रेड ३१५० वटा, सिड लेस किम्बु १०००० वटा</td><td>१९९७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>एकल महिला सचेतना कार्यक्रमः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।११९२।२०७९।३।३२ बाट एकल महिलाहरुलाई सचेतना कार्यक्रम वापत समविनी ललिता चौधरीलाई रु ३००० मा करकट्टी गरी २५५० भुक्तानी गरेकोमा उक्त प्रतिवेदन लेखनको दर पाउने आधारप्रमाण र प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>२,५५०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>बजेट खर्च गरी श्रेस्ता पेश नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । सशर्त चालुको ३७७।२०८९।३।३२ बाट दिलिप ओलीको रु २००००० पेश्की फस्र्यौट गर्दा उक्त रकमलाई पुष्टी गर्ने खर्चका विलभर्पाइ पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **भर्पाइ पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। ४।०७८।६।१४ बाट विपद कोष अन्तर्गत कोरोनावाट मृत्यु भएका व्यक्तिका परिवारले पालिका वाट दिने रकम वापत रु ६०००० खर्च लेखेकोमा निवेदनमा संलग्न एक जनाको रकम रु २०००० सम्वन्धितको बैंक खातामा पठाएकोमा बाँकी दुईजनाको प्रति रु २०००० का दरले रु ४०००० सम्वन्धितको को खातामा नपठाएको र सो वापतको चेक फरक व्यक्तिले बुझेकोमा निवेदक सिता कसेरा र धनराज पुनले रकम बुझेको भर्पाई पेश छैन । तसर्थ निवेदक दुई जनाले रकम बुझेको भर्पाई पेश हुनु पर्ने रु | ४०,००० |
| ६३ | | | **विलभर्पाइ नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।११८८।२०७९।३।२५ बाट ओम प्रकाश वलीले पेश्की फर्स्यौट गर्दा ५० प्रतिशत घास काट्ने हाते चारा मेसिन खरिदमा पालिकाबाट भुक्तानी भएको रु ४३०००० अनुदान रकममा जम्मा रु ८६०००० को विलभर्पाई हुनुपर्नेमा रु ८०४००० को मात्र कागजात पेश भएकोले बाकी रु ५६००० को कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५६,००० |
| ६४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** –<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०० जनालाई रोजगारी उपलव्ध गराई रु.५१९५८८५।०० खर्च गरेको छ । लक्षित वर्गलाई ६३ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीलाई शोधभर्ना भुक्तानी गर्दा उक्त भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेकोले सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु | ३७,७२५ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ५८०।२०७८।१२।१८ | लक्ष्मी एग्रिकल्चर सप्लायर्स भुक्तानी | ४३६००० | १.५ % | ६५४० |
| ५८१।२०७८।१२।१८ | नन्दनी समिक्षा भेट | १०५००० | १.५ % | १५७५ |
| ५८१।२०७८।१२।१८ | विहानी एग्रोभेट | ४५००० | १.५ % | ६७५ |
| ४८०।२०७८।११।१२ | तुलसी कुमारी विसी प्रजनन स्वास्थ्य तालिम वापत करकट्टी रु ५६२५ हुनुपर्नेमा रु ४५०० मात्र कट्टी भएको | ३७५०० | १.५ % | ११२५ |
| ११८८।२०७९।३।२५ | ओम प्रकाश वली पे फ | ८०४००० | १.५ % | १२०६० |
| ११८५।२०७९।३।२५ | जय वागेश्वरी वाटर प्यूरीफायर एण्ड अर्डर सप्लायर्स | ४००००० | १.५ % | ६००० |
| ३१२।२०७९।३।२२ | जनज्ञान भण्डार मा वि कोटखोला पुस्तकालय निर्माण | ६५०००० | १.५ % | ९७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **नन्फाइलर –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १,२७४,९७७ |

| भौचर नं मिति | भुक्तानी पाउनेको नाम | व्यान नं | भुक्तानी रकम | मु अ कर रकम | ननफईलर रहेको मिति |
|---|---|---|---|---|---|
| २१२।२०७८।९।२८ | एन एम पी निर्माण सेवा | ६०९८१९९६४ | ८०००१७.४ | ९२०३७ | २०७८ एम ३ |
| ४७६।२०७८।१२।२ | एन एम पी निर्माण सेवा | ६०९८१९९६४ | १४१८५३९.८२ | १६३१९५ | २०७८ एम ३ |
| ८६५।२०७९।२।३० | भरत निर्माण सेवा | ६१०१३८१२६ | ८७६००० | १००७७९ | २०७९ एम १ |
| ९५७।२०७९।३।१२ | सौरभ कन्स्ट्रक्सन | ६०६९४५९०७ | ७५८८७८.६२ | ८७३०४६ | २०७७ एम ४ |
| १००६।०७९।३।१७ | भरत निर्माण सेवा मालारानी सुर्खेत | ६१०१३८१२६ | २७६५०० | ३१८०९ | २०७९ एम १ |
| ९९६।०७९।३।१७ | भरत निर्माण सेवा मालारानी सुर्खेत | ६१०१३८१२६ | १२२६६१ | १४१११ | २०७९ एम १ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **मुल्य अभिवृद्धि कर अशुल गर्नेः**<br>पालिका अन्तर्गतका खोलामा रहेका नदिजन्य वस्तु गिट्टि, ढुंगा, बालुवा वापतको ठेक्का पि एल कन्टकसन सुर्खेतले मु अ कर समेत रु १२०९५७९८ मा कबोल गरेकोमा मु अ कर वाहेकको रु १०७०४२४५ संझौता गर्दा नै पालिकामा बुझाएको देखियो । तर सो को मु अ कर वापतको रु १३९१५५२ सम्वन्धित आन्तरिक राजश्व कार्यलयमा बुझाएको पाईएन । नियमानुसार करार संझौता बमोजिम तोकिएको कर रकम समयमै बुझाउनुपर्नेमा हाल सम्म नबुझाएकोले उक्त रकम अशुल गरी सम्वन्धित कर कार्यालयमा दाखिला गरेको भौचर पेश गर्नुपर्ने रु | १,३९१,५५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **अधुरा आयोजना –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न नगरी म्याद थप गर्दा समेत पनि उक्त अवधि भित्र कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो । देहायका निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी निर्माण कार्यको फरफारक गरिनु पर्दछ । | |

| ठेक्का नं | निर्माण व्यावसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत (सम्पन्न गर्नुपर्ने म्याद) |
|---|---|---|---|---|---|
| Ncb/works/gm/01/2078-79 | पी एल कन्स्ट्रक्सन | ७३४३७८४ | २०७८।८।२१ | १ | २०७९।१२।३० |
| Ncb/works/gm/02/2078-79 | पी एल कन्स्ट्रक्सन | ५६७२३३८ | २०७८।८।२१ | १ | २०७९।१२।३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **मूल्य अभिवृद्धि कर कट्टी –** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ११३,५०५.४३ |

| भौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | मुअकर कर रकम | ३०प्रतिशतरकम |
|---|---|---|---|---|
| ३१६।२०७८।१०।२५ | ए एण्ड ए कन्सल्टेन्सी | ६०९११३१४५ | ५६३७२ | ५६३८ |
| ३१७।२०७८।१०।२५ | ए वान मिडिया रिसर्च सेन्टर | ६०३१९१२४६ | ५५३७० | १६६११ |
| ७२८।२०७९।१।१९ | के एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६०५९१०८६५ | ५७२९२ | १७१८७ |
| ७४२।२०७९।१।२१ | एलाइट इन्जिनियरिङ्ग सोलुसन प्रा लि | ६०६७६९१४७ | ४९८५०० | १७२०५ |
| ३६८।२०७९।३।२५ | एस एच फर्निचर उद्योग | ६१२७८२३३६ | ८५८२७.६ | २५७४८.२८ |
| ११४०।२०७९।३।२४ | श्रेष्ठ कम्प्यूटर सप्लायर्स | ६००९८६३८० | १०३७२०.५ | ३१११६.१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/ नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७१ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ७२ | | | **वढी भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ । पालिकाले १०६५।२०७९।३।२० बाट खर्क खेलमैदान निर्माण उपभोक्ता समीतिलाई कार्यसम्पन्न वापत कूल कामको रु २१०१७७ भुक्तानी दिनुपर्नेमा भौचरबाट रु २१५००० भुक्तानी भएकोले रु ४८२३ वढी भुक्तानी भएकोले उपभोक्ताबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ४,८२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **जनश्रमदान –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १९७,९९१.८५ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | कट्टी भएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ३।२०७८।१०।३ | रामचन्द्र प्रा वि भवन निर्माण उ स | २२१९६९३.११ | २१४८६५६.३६ | ९.८९ | १४८६५६.३६ | ६३८४५.७५ |
| ७।२०७८।१०।१४ | कालापानी सिस्नेरी सिमस्यार सडक निर्माण उ स | १७१०९३२.१४ | १६९६३२४.८२ | १६.५३ | २५९१५८.७२ | २१२४३.७७ |
| १५।२०७९।१२।२१ | भेडावारी आपसोती वइजपानी सडक निर्माण उ स | १६८८८७७.३ | १२८०८८४.८ | १५.६२ | १२९२१०.६६ | ७०९२०.१८ |
| १७।२०७८।१२।२३ | ने रा प्रा वि भवन निर्माण समीति | २१८६०५३.९८ | १९६५२०२.४२ | १३.०८ | २३३३८८.३६ | २३७६६.३० |
| ११६७।२०७९।३।२४ | डाडागाउँ देखि सुन्दरटोल सडक निर्माण उ स | ५९२३८४.५५ | ३५७६५५.८२ | १९.८१ | ५२६५५.८२ | १८२१५.८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **हेभी इक्विपमेण्टको प्रयोग —**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| कालापानी सिस्नेरी सिमस्यार सडक निर्माण उ स | सडक निर्माण | १४३७१६६ | डोजर | ३५५२०६ |
| दाप्चा धारापानी अधुरो सडक निर्माण उ स | सडक निर्माण | ३३७५००० | डोजर | २६५०००० |
| भेडावारी आपसोती वइजपानी सडक निर्माण उ स | सडक निर्माण | ११५१६७५ | डोजर | ८७११५० |
| धाव वरडाडा सडक स्तरोन्नती उ स | सडक निर्माण | १४२५००० | डोजर | ६१२४५० |
| कुइनेतडा बान्ने सडक निर्माण उ स | सडक निर्माण | १४२५००० | डोजर | ६६१३४८ |
| आपसोती घट्ट हुदै गोरे गाइन भलायदमार सोखी उ स | सडक निर्माण | १८६४९८३ | डोजर | १५५३७५० |
| माथिल्लो चारघरे हुदै फलाटे सडक निर्माण उ स | सडक निर्माण | ८१६२३१ | डोजर | ४९१५५० |
| लामरटोल लापनेटोल चनाराटोल कटेनी सडक निर्माण उ स | सडक निर्माण | ११८३२०० | डोजर | ५७९४०४ |
| शिवराम रोकायको घर देखि पाल्पालीको घरसम्म ग्राभेल उ स | सडक निर्माण | ३८०००० | डोजर | ३१५००४ |
| भ्यालेखोला देउती मन्दिर गोरेटो बाटो तथा सेलेप निर्माण उ स | सडक निर्माण | १७५५६५ | डोजर | १६३८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>उपभोक्ता समूहले नियमको पालना नगरेको :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>उपभोक्ता समिति</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>कालापानी सिस्नेरी सिमस्यार सडक निर्माण उ स</td><td>१४३७१६६</td><td>रु ११२४५०० को निर्माण सामग्री सिमेन्ट एउटै विक्रेता (आरोही हार्डवेयर एण्ड सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>कुर्मी तोरीवारी खोला सोत्तर खोली खोला निर्माण उ स</td><td>३०५०४९४</td><td>रु १३४८५९३ को निर्माण सामग्री ग्याविन विभिन्न विक्रेता बाट टुक्रा पारी खरिद गरेको</td></tr>
<tr><td>सिमखोला हुदै काउले खोला सम्म तटबन्धन उ स</td><td>२३१६७७२</td><td>रु १०१६४३५ को निर्माण सामग्री ग्याविन एउटै विक्रेता (कैलाश ट्रेडर्स एण्ड सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>सामुदायिक आखा उपचार केन्द्र भवन निर्माण</td><td>१९११९१३</td><td>रु १६२३८५२ को निर्माण सामग्री विभिन्न विक्रेता बाट टुक्रा पारी खरिद गरेको</td></tr>
<tr><td>सामुदायिक आखा उपचार केन्द्र</td><td>१५०००००</td><td>रु १५००००० को साम्रगी (जेनेरेटर, इन्भटर, एयर कन्डिसनर, सिसिटीभि क्यामेरा) विभिन्न विक्रेता बाट टुक्रा पारी खरिद गरेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ११६२।२०७९।३।२४ | गराले माझखन्न ग्रावेल निर्माण उ स | १९४००० | शिखर गुर्भाकोट निर्माण सेवा | ३५८००० | |
| | | | ११७१।२०७९।३।२४ | फन्करी सडक निर्माण उ स | १५४९०० | न्यू तुफान निर्माण सेवा | १८४००० | |
| | | | ११४९।२०७९।३।२४ | तल्लो खरायोचौर अधुरो सडक निर्माण उ स | २४२५०० | न्यू तुफान निर्माण सेवा | २४४००० | |
| | | | ११६७।२०७९।३।२४ | डाडाँगाउँ देखि सुन्दर टोल सडक ग्राभेल उ स | ३१५००० | न्यू तुफान निर्माण सेवा | ३५८००० | |
| | | | ११०६।२०७९।३।२२ | नादे हलडाडा तस्वीर टोल हुदै वर्ग खड्का टोल सडक निर्माण उ स | ३४६३४० | आशिर्वाद कन्स्ट्रक्सन | ४६०००० | |
| | | | १०८५।२०७९।३।३१ | सडक सरसफाई उ स | ६७९००० | युनिट ग्रुप कन्स्ट्रक्सन | ७९६६५० | |
| | | | १०६५।२०७९।३।२० | खर्क खेल मैदान निर्माण उ स | २१५००० | अमर हर्क दिपक कन्स्ट्रक्सन | २५५९४५ | |
| | | | १०६१।२०७९।३।२० | गोकलपूर खेलमैदानमा सोलार र डिपवोरिङ्ग निर्मण उ स | ३८८००० | धुव्र डिलिङ्ग एण्ड कन्स्ट्रक्सन | ४६९३२१ | |
| | | | १०५४।२०७९।३।२० | अस्पताल सडक प्रा वि श्रिवानी हुदै हाइवे जोड्ने सडक निर्माण उ स | १२५४३३ | नवनयन निर्माण सेवा | १४८१५८ | |
| | | | १०५२।२०७९।३।२० | वडा नं १२ भित्री सडक निर्माण उ स | ३०११११९ | एन एम पि निर्माण सेवा | ३५७१३६ | |
| | | | १०४१।२०७९।३।१९ | खोल्टेपानी खारखोला पर्यटन सडक निर्माण उ स | १३३२०० | न्यू कूशल निर्माण सेवा | १७५११५० | |
| | | | १०३९।२०७९।३।१९ | साविक ७ र ८ सडक स्तरोन्नती उ स | १४१०१६ | जि ए डेवलभर कन्स्ट्रक्सन | १७७४१० | |
| | | | १०३४।२०७९।३।१९ | पश्चिम नक्कले सडक ग्राभेल उ स | २४२५०० | शिशिर कन्स्ट्रक्सन | २८९२८० | |
| | | | १०३२।२०७९।३।१९ | छिन्चु काल्चे देखि कुर्मी सडक निर्माण उ स | १५१२२३ | सौरभ कन्स्ट्रक्सन | १७७६१३ | |
| | | | | वडा न ८ मा डिपवोरिङ्ग निर्माण उ स | २२८०००० | मष्ट ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि | २२४६२६४ | |
| | | | | कविन्द्रको घरदेखि शेराघारी बाटो निर्माण उ स | ५२२५०० | जि ए डेभलपर कन्स्ट्रक्सन प्रा लि | ६३९५८० | |
| | | | | फिल्म हल देखि शशस्त्र वेश क्याम्प सडक निर्माण उ स | ५७०००० | जि ए डेभलपर कन्स्ट्रक्सन प्रा लि | ६९०००० | |
| | | | | कुरुले धारापानी सडक निर्माण उ स | ९५०००० | भरत निर्माण सेवा | ८७६००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून अनुसार सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| गो.भौ नं/मिति | योजनाको नाम | लागत अनुमान | मूल्यांकन | यस वर्ष भुक्तानी | लागत अनुमानअनुसारको कूल काम% |
|---|---|---|---|---|---|
| १५।२०७९।१२।२१ | भेडावारी आपसोती वइजपानी सडक निर्माण उ स | १६८८८७७.३ | १२८०८८४.८ | ११५१६७५ | ६४ |
| १३।२०७९।३।२५ | जनज्ञान भण्डार मावि कोटखोला शैचालय निर्माण | १६०२११९.१४ | ८६०५९६ | ८४०१८९ | ५३.७१ |
| ९।२०७९।३।२५ | सामुदायिक आखा उपचार केन्द्र भवन निर्माण | ३८०८५२९.०४ | २१९९३७४ | १९११९१३ | ५७.७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| सि न | उपभोक्ता समीतिको नाम र विवरण | सामान | रकम |
|---|---|---|---|
| १ | डाडापुछार तल्लो सेरा वर्षे सिचाई कूलो निर्माण उ स ले खड्का तारजाली उद्योगबाट खरिद गरेका ग्याविन | Gabion box (2*1*1)=600 sqm | २०६७९० |
| २ | बार्खक गोहेखोला सडक निर्माण उ स ले खड्का तारजाली उद्योगबाट खरिद गरेका ग्याविन | Gabion box (2*1*1)= 220 sqm | ८७७५५ |
| ३ | कुर्मी तोरीवारी खोला सोत्तर खोली खोला निर्माण उ स ले सुशिला हार्डवेयर पसल र डाँगी ट्रेडर्सबाट खरिद गरेका ग्याविन | Gabion box (2*1*1)= 2145 sqm<br>Gabion box (2*1*1)= 1100 sqm | १३४८५९३ |
| ४ | सिमखोला हुदै काउले खोला सम्म तटबन्धन उ स ले कैलाश ट्रेडर्सबाट खरिद गरेका ग्याविन | Gabion box (2*1*1)= 257 वटा | १०१६४३५ |
| ५ | खरिगैरा देखि कोटखोला हुदै मालारानी जोड्ने मोटरबाटो निर्माण उ स ले कालिका ग्याविन एण्ड वायर इन्ड्रष्ट्रिजबाट खरिद गरेका ग्याविन | Gabion box (2*1*1)= 319 sqm | ९९१२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **लागत अनुमानबिना योजना सञ्चालन :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार काम सम्पन्न भईसकेपछि नापजाँच गरी कार्यसम्पन्नको आधारमा रकम भुक्तानी गरिनुपर्दछ । पालिकाले ११०९।२०७९।३।२२ बाट भकारो सुधार योजना उपभोक्ता समीतीलाई योजना भुक्तानीमा लागत अनुमान तयार नगरी रु १५०००० भुक्तानी गरेको छ ।उक्त योजनाको खर्चका विलभर्पाइ मात्र पेश गरी कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक विल पेश गरेको छैन । पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.८९१३७९६।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ८१ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **डीपीआर खर्च –**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| मालारानी गुफा तथा पदमार्ग डिपिआर | के एस इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ५००००० | ४९८००० | ८५०७७७४ |
| खेलकुद मैदानका लागि रंगशाला निर्माण डिपिआर | एलाईट इन्जिनियरिङ सोलुसन्स प्रा लि | ५००००० | ४९८००० | १३८१३५९५६ |
| लेखमालारानी कालिका मन्दिर क्षेत्र डिपिआर | गुडविल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ३००००० | २९९००० | २१३३१२४९ |
| ढाब गुफाखोलाढाब टिम्मुरे सडक डि पि आर | माउन्ट कञ्चनजंघा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ७००००० | ६९८००० | ९८११९८११६ |
| शसस्त्र प्रहरी तालिम केन्द्र प्रारम्भिक वातावरणीय प्रतिवेदन | हरित नेपाल विकास प्रा लि | ४५०००० | ४५००००० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **टुक्रा पारी खरिद –**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने तथा एकै प्रकृतिको कार्य गर्दा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष बजार क्षेत्रमा सिसिटिभि जडान कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ रु. १४९९९७३ को २ विक्रेता बाट टुक्रा पारी खरिद गरेको देखियो । | |
| ८४ | | | **रितपूर्बकको कर बिजक –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर समेत समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br><br>**भुक्तानी पाउनेको नाम** \| **प्यान नं.** \| **कर विजकको अवस्था** \| **भुक्तानी रकम** \| **मुअकर कर रकम**<br>**५२।२०७९।३।२५** \| **३०१०७६५८०** \| **विजक नं नलेखेको** \| **५७४१४८.९** \| **६६०५२.५** | ६६,०५३ |
| ८५ | | | **कर वाहेकको रकम खर्चः**<br>५५।०७८।७।११ बाट पालिका अन्तर्गतका विभिन्न योजनाहरुको अनुगमन वापत विभिन्न १२ जना पदाधिकारी कर्मचारीहरुलाई पालिकाको निर्णय वमोजिम खाना खाजा वापत रु ७४००० मा कर कट्टी गरी रु. ६२९०० भुक्तानी खर्च गर्नुपर्नेमा कर वाहेकको रु. ६२९०० खर्च लेखेको पाईयो। सम्वन्धित पदाधिकारीलाई रकम भुक्तानी गर्दाको भर्पाई रु ७४००० मा कर कट्टी रु. ११९०० गरेकोमा उक्त कर रकम दाखिला गरेको पाईएन । नियमानुसार लाग्ने कर रकम बेरुजु खातामा दाखिला गरेको भौचर प्रमाण पेश गर्नुपर्ने रु. | ११,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **भुक्तानीका लागि रित नपुगेकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। निम्न गो भौ न र मिति वाट विपदमा परेका नागरिकलाई रकम भुक्तानी गरेकोमा क्षति सम्वन्धि मुचल्का तथा रकम बुझेको भर्पाई भएता पनि सम्वन्धितले दिएको निवेदनमा नाम, ठेगाना उल्लेख नभएको हुदा वास्तविक रुपमा क्षतिपूर्ति पाउनु पर्नेले रकम वुझेको हो भन्नसक्ने अबस्था रहेन । तसर्थ नियमानुसार रकम भुक्तानीका लागी रित नपुगेको निम्न भौचर र मिति वाट रकम भुक्तानि गरेका व्यक्तिको रितपूर्वको निवेदन र क्षतिपूर्नि मुचुल्का पेश हुनुपर्ने रु | १९५,००० |

| सि न | गो भौ र मिति | भुक्तानी संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ८९८।०७९।३।७ | १४ जना | ९९००० |
| २ | ८९९।०७९।३।७ | १३ जना | ९६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.२४९३२३५५ का ४२ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून अनुसार सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| सिनं | योजनाकोनाम | वडा | स्वीकृतरकम | भुक्तानीगर्नु पर्ने | भुक्तानीभएको | पेश्की | भुक्तानीगर्न बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | अयार्देडाडा गमखोला सडक निर्माण | १ | २००००० | १९०००० | ० | ० | १९०००० |
| २ | तल्लो फुलफुले खानेपानी ट्याङ्की निर्माण | १ | १००००० | ९५००० | ० | ० | ९५००० |
| ३ | माथिल्लो खहरे सिचाइ मर्मत | २ | १००००० | ९५००० | ० | ० | ९५००० |
| ४ | नोख बहादुर घर नजिक ग्वाविन वाल निर्माण | ३ | १००००० | ९५००० | ० | ० | ९५००० |
| ५ | पाँचहारे टोल खानेपानी विस्तार | ४ | ५०००० | ४७५०० | ० | ० | ४७५०० |
| ६ | शिव प्रा वि फिल्ड निर्माण | ४ | ३००००० | २८५००० | ० | ० | २८५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | थक्लेनी कुर्मीखोला तारबार निर्माण | ५ | २००० | १९०००० | ० | ० | १९०००० | | |
| | | | | ८ | निग्लेनी खानेपानी ट्याङ्की निर्माण | ५ | ५०००० | ४७५०० | ० | ० | ४७५०० | | |
| | | | | ९ | सल्लाघारी भूमिगत सिंचाइ पाइप विस्तार | ५ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | १० | वडा कार्यालय देखि कालिका मन्दिर घर्ती टोल अधूरो | ७ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | ११ | सल्लाकोटी टोल सिचाइ कुलो निर्माण | ७ | ७५००० | ७१२५० | ० | ० | ७१२५० | | |
| | | | | १२ | श्रीवानी विद्युत विस्तार | ७ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | १३ | माथिल्लो झ्याक्रेघारी सिचाइ पाइप खरिद निर्माण | १० | ३५०००० | ३३२५०० | ० | ० | ३३२५०० | | |
| | | | | १४ | दलित भवन फिनिसिङ र शौचालय निर्माण | ११ | १५०००० | १४२५०० | ० | ० | १४२५०० | | |
| | | | | | **दर्शौंनगर सभावाट थप** | | | | | | ० | | |
| | | | | १५ | लालवीरकोघर देखि सुन्दरनगर सडक | ७ | १२५००० | ११८७५० | | | ११८७५० | | |
| | | | | १६ | माथिल्लो झ्याक्रेघारी सिचाइ कूलो निर्माण | १० | ३५०००० | ३३२५०० | ० | ० | ३३२५०० | | |
| | | | | १७ | नारिङ्गे तारजाली निर्माण | ११ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | १८ | भलायदमार रत्न ब घरदेखि घारी गैरा पूर्व नाला निर्माण | ११ | १५०००० | १४२५०० | ० | ० | १४२५०० | | |
| | | | | १९ | गिरीटोल सिचाइ मर्मत | ६ | २००००० | १९०००० | ० | ० | १९०००० | | |
| | | | | २० | तोरी खर्क सडक निर्माण | ५ | १००००० | ९५०००० | ० | ० | ९५०००० | | |
| | | | | २१ | निमारे सिंचाइ कूलोपाइप खरिद | ६ | ५०००० | ४७५०० | ० | ० | ४७५०० | | |
| | | | | २२ | माथिल्लो भालु खोला कूलो मर्मत | ९ | ८०००० | ७६००० | ० | ० | ७६००० | | |
| | | | | २३ | फलाटे काल्चे सिमसार सडक निर्माण | १० | ३००००० | २८५००० | ० | ० | २८५००० | | |
| | | | | २४ | औल सुर्मा झो पु सडक मर्मत | ११ | १५०००० | १४२५०० | ० | ० | १४२५०० | | |
| | | | | २५ | निग्लेनी कुर्मी सडक निर्माण | ५ | ७००००० | ६६५००० | ० | ० | ६६५००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | २६ | जामुनेघारी फिल्ड निर्माण | १२ | २००००० | १९०००० | ० | ० | १९०००० | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २७ | बाखखोर खोला ग्याविन | २ | २०००० | १९००० | ० | ० | १९००० | | |
| | | | | २८ | गंगटे टोलमा ३ फेज विद्युत विस्तार | ८ | ५००००० | ४७५००० | ० | ० | ४७५००० | | |
| | | | | २९ | मपलनचोक देखि कुमालपानी ३ फेज विद्युत विस्तार | ८ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | ३० | कल्भर्ट नजिक वोटेचौरखोला नियन्त्रणर नालानिर्माण | ९ | १००००० | ९५००० | ० | ० | ९५००० | | |
| | | | | | **कार्यपालिका बैठक १४का योजना** | | | | | | ० | | |
| | | | | ३१ | भित्रीखोलागोचेखोला सक निर्माण | १ २ | ७३०००० | ६९३५०० | ० | ० | ६९३५०० | | |
| | | | | ३२ | लेख मालारानी डाँडागाउ खापा तथा सिचाइ निर्माण | २ | २००००० | १९०००० | ० | ० | १९०००० | | |
| | | | | ३३ | वोटेचौर देखि मशानघाट सडक मर्मत | ९ | ३००००० | २८५००० | ० | ० | २८५००० | | |
| | | | | | **कार्यपालिका बैठक २ कायोजना** | | | | | | ० | | |
| | | | | ३४ | आधारभूत स्वा के कोप्ची प्रतिक्षालय निर्माण | ७ | ३७०००० | ३५१५०० | ० | ० | ३५१५०० | | |
| | | | | | **प्रदेश सरकार** | | | | | | ० | | |
| | | | | ३५ | भेरीमा वि शौचालय निर्माण | १० | १५०००० | १४२५००० | ८८७५७६ | | ५३७४२४ | | |
| | | | | ३६ | आँखा उपचार केन्द्र भवन निर्माण | ८ | ३४८५००० | ३३१०७५० | १९११९१३ | | १३९८८३० | | |
| | | | | ३७ | जनसंयुक्त आ वि गुमी भवन सुधार | १४ | ७२५००० | ७२५००० | ४२७०१७ | | २९७९८३ | | |
| | | | | ३८ | जनज्ञान भण्डार मा वि मालारानी शौचालय निर्माण | २ | १५००००० | १४२५००० | ७६५४५५ | | ७३४५४५ | | |
| | | | | | **संघीय सरकार** | | | | | | | | |
| | | | | ३९ | खेलकूदपूर्बाधार निर्माण | ७ | २०००००० | १९००००० | ७६५००० | ० | ११३५००० | | |
| | | | | | **जम्मा** | | | | | | **११४१८७८२** | | |
| | | | | | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **ठेक्का** | | | | | | |
| ४० | मेहलकुनामालपोत सडक तथा वोटेचौर बजार भित्र कालोपत्रे | ८ ९ | १३०००००० | ७३४३७८४ | १७०८७२८ | ६५०००० | ५६३५०५६ |
| ४१ | आपसोती मालारानी खोलाढाव सडक स्तरोन्नति | | ६०००००० | ५४४७४२२ | ४६८८२५ | | ४९७८५९७ |
| ४२ | नक्कलेवडाखोली पोखरीपाट काल्चे सडक | | | १४१६६८५५ | ११२६६९३५ | | २८९९९२० |
| **जम्मा** | | | | | | | **२४९३२३५५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **सामाजिक सुरक्षाः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |
| ८८.१ | | | पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । | |
| ८८.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ८९ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | २५०१६३ | ७४५ | २४९४१८ | |

यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७७।०७८ | ३२।१ | छुट पारिश्रमिक कर असुल दाखिला (हस्त पुन ७२९००,मधु गुरुङ २७००,लाल बहादुर पुन २७००,मैना वि क ३७४००,ओमप्रकाश बुढा २७००,नोख ब वली २७००, प्रशन्न कुमार शाह २७००,शशिकुमार भट्टराई २७००) | १२३८०० | ० | ० | ० | १२३८०० |
| २ | २०७७।०७८ | ३३।१ | बढी बैठक भत्ता असुल दाखिला | १०२०० | ० | ० | ० | १०२०० |
| ३ | २०७७।०७८ | ३३।२ | बढी बैठक भत्ता असुल दाखिला (हस्त पुन ५९५०,मैना वि क ३५७०,लाल बहादुर पुन ५९५०, पदम वि क ११९०,शशिकुमार भट्टराई ५९५०,निरक के सी ५९५) | २२६१० | ० | ० | ० | २२६१० |
| ४ | २०७७।०७८ | ४१ | छुट कर असुल दाखिला (हस्त पुन ३८३, मैना विक ६२४८, पदम वि क २५५, ओम प्रसाद चपाई १२७।५०, लोमनकेशर खनाल २५५, प्रकाश भट्टराई २५५, जीवन | २१५४८।५ | ० | ० | ० | २१५४८।५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ज्योति पुन ७६५, नर बहादुर घर्ती ८९३, निरक केसी ५८६५, अर्जुन खत्री ४८४५, भानुभक्त ढकाल ३९५३, अमृत ढकाल १०२०, दलजीत खत्री २५५, चन्द्र ब विक १०२०, शिवनारायण नेपाली ५१०, खेमराज गिरी ७६५) | | | | | |
| ५ | २०७७।०७८ | ३५ | सवारी चालकलाई जोखिम वापत विमा खर्च भुक्तानी प्रमाण पेश (खेमराज गिरी, खिम ब सार्की, ललित कु मल्ल, दुर्ग ब गाहा) | ० | ८४१८२ | ० | ० | ८४१८२ |
| ६ | २०७७।०७८ | ८३।८ | पालिकाको सभाबाट नियमित गराई दरवन्दि मिलान गरि खर्च नियमित गरेको प्रमाण पेश | ० | ० | ४३९२०० | ० | ४३९२०० |
| ७ | २०७७।०७८ | ३३।२ | बढी भत्ता असुल दाखिला | ११९० | ० | ० | ० | ११९० |
| ८ | २०७७।०७८ | ३७ | अम्मर बहादुर वलीको उपप्रमुख उद्यमशिल कार्यक्रमको खाजा खर्च दोहोरो नपरेको प्रमाण पेश | ० | ४२३५० | ० | ० | ४२३५० |
| | | | | | | | | |
| | | | **जम्मा** | **१७९३४९** | **१२६५३२** | **४३९२००** | **०** | **७४५०८१** |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| **२५०१६३** | ७४५ | ७५५०१ | ० | ३२४९१९ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |